# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०९ संख्याः२३ मिति: २०८३/०३/३२

भाग १

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## बन्दीपुर गाउँपालिकाको जनस्वास्थ्य ऐन, २०८३

# बन्दीपुर गाउँपालिकाको जनस्वास्थ्य ऐन, २०८३

**प्रस्तावना :**

स्वास्थ्य जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै, व्यक्तिक शारीरिक, मानसिक तथा सामाजिक विकासको लागि स्वच्छ एवं सुरक्षित वातावरण र गुणस्तरीय स्वस्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै, स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बञ्चित हुने अवस्था आउन नदिन उपलब्ध श्रोत साधनको समुचित सदुपयोग गर्दै नेपालको संविधानले प्रत्याभुत गरेको निःशुल्क, आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहमा व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ वमोजिम सोहि संविधानको अनुसूची ८ को (९) र अनुसूची ९ को (३) मा उल्लेखित स्थानीय सरकारको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम बन्दीपुर गाउँपालिका गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम **"बन्दीपुर गाउँपालिकाको जनस्वास्थ्य ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ।

**२. परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले बन्दीपुर गाउँपालिकाको जनस्वास्थ्य ऐन, २०८३ लाई सम्झनुपर्छ।

(ख) **"गाउँपालिका"** भन्नाले बन्दीपुर गाउँपालिका सम्झनुपर्छ।

(ग) **"गाउँपालिका क्षेत्र"** भन्नाले गाउँपालिकाको भू- भाग सम्झनुपर्छ।

(घ) **"कार्यपालिका"** भन्नाले बन्दीपुर गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ

(ङ) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(च) **"उपाध्यक्ष"** भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बन्दीपुर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ज) **"शाखा"** भन्नाले बन्दीपुर कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखा सम्झनुपर्छ।

(झ) **"आधारभूत स्वास्थ्य सेवा"** भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक सेवा सम्झनुपर्छ।

(ञ) **"आकस्मिक स्वास्थ्य सेवा"** भन्नाले विरामीको जीवन खतरामा परेको वा कुनै अङ्ग अशक्त हुने अवस्थामा तत्कालै उपचार सेवा प्रदान गरी मृत्यु वा अशक्त हुनबाट जोगाउने उपचारात्मक सेवाहरु पर्दछन्।

(ट) **"चिकित्सक तथा स्वास्थ्यकर्मी"** भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धीत

परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ठ) **"निर्देशिका"** भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका सम्झनुपर्छ ।

(ड) **"कार्यविधी"** भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने कार्यविधी सम्झनुपर्छ ।

(ढ) **"सेवा प्रदायक"** भन्नाले मान्यता प्प्स शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धीत परिषदबाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनुपर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ ।

(ण) **"सेवाग्राही"** भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ ।

(त) **"स्वास्थ्यमा प्रत्यक्ष रुपमा प्रतिकुल असर"** भन्नाले सम्बन्धीत गतिबिधिको प्रत्यक्ष नतिजा स्वरुप पीडित पक्षलाई शारीरिक वा मानसिक रोग लागेको, चोटपटक लागेको, अंगभंग भएको वा मृत्यु भएको भनेर बुझ्नुपर्छ।

(थ) **"स्वास्थ्य संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका, सरकारी, गैहसरकारी, निजी, सामुदायिक र सहकारी रुपमा संचालित दफा ६ र दफा ८ बमोजिमका स्वास्थ्य संस्थालाई जनाउँछ ।

(द) **"सरकारी अस्पताल "** भन्नाले बन्दीपुर गाउँपालिका क्षेत्र भित्र सरकारले संचालन गरेका अस्पताललाई सम्झनुपर्छ।

(ध) **'तोकिएको' वा 'तोकिए बमोजिम'** भन्नाले यस ऐनअन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(न) **"गैह सरकारी वा निजी स्वास्थ्य संस्था"** भन्नाले बन्दीपुर गाउँपालिका क्षेत्र भित्र प्रचलित कानून बमोजिम सरकारको स्वीकृति र संचालन अनुमति लिई गैह सरकारी तथा निजी लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ ।

(प) **"जंकफुड"** भन्नाले फ्याट, चिनी, अजिना मोटो र अत्याधिक रङ्ग वा नुनको अत्यधिक मात्रा भएको प्रशोधित तयारी खाद्य सामाग्री वा यस्तै प्रकृतिका सामग्री भन्ने बुझिनेछ ।

(फ) **"स्वास्थ्य सेवा"** भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेदसहित अन्य वैकल्पिक चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक, पुनस्थापनात्मक र प्रशामक सेवा सम्झनुपर्छ।

(ब) **"आयुर्वेद संस्था"** भन्नाले आयुर्वेद उपचार पद्धतीमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनुपर्छ र  सो शब्दले आयुर्वेद तथा वैकल्पिक चिकित्सा वैकल्पिक पद्धतीबाट उपचार गर्ने गरी सञ्चालन गरिएको आयुर्वेद अस्पताल, औषाधालय, नर्सिङ्ग होम, पोली क्लिनिक,  पञ्चकर्म , प्राकृतिक चिकित्सा, सोवा रिग्वा(आम्ची), योग, जीवनशैली व्यवस्थापन केन्द्र समेतलाई जनाउछ ।

(भ) **'व्यवस्थापन समिति'** भन्नाले गाउँपालिका अन्तर्गतका अस्पताल तथा स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(म) **'सेवाग्राही'** भन्नाले स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ ।

## परिच्छेद - २
## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक

**३. आधारभूत स्वास्थ्य सेवा** (१) कुनै पनि नागरिकलाई आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन। प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज र सर्वसुलभ पहुँच हुनेछ।

(२) प्रत्येक नागरिकलाई नेपाल सरकारले तोकेका देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क प्राप्त गर्ने हक हुनेछ।

(क) खोप सेवा,

(ख) नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन, पोषण सेवा, सुरक्षित मातृत्व सेवा, परिवार नियोजन, सुरक्षित गर्भपतन तथा प्रजनन स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक विकलङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) लागू औषध तथा दुर्व्यसन व्यवस्थापन सेवा,

(छ) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(ज) सामान्य आकस्मिक अवस्थाका सेवा,

(झ) स्वास्थ्य प्रवर्द्धन सेवा,

(ञ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ट) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(ठ) नसर्ने रोग न्यूनिकरणका लागि फिटनेस सेन्टर र योग केन्द्रको सेवा,

(ड) बन्दीपुर गाउँपालिकाले आफ्नो राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा।

(३) संघीय सरकारले निर्धारण गरेका आधारभूत तथा उपचारात्मक स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड, सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह सम्बन्धी अन्य व्यवस्था र प्रकृया बमोजिम कार्यपालिकाले उपदफा (२) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन गर्नेछ।

(४) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध श्रोत साधनका आधारमा आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त तोकिएको वर्ग, समूह, लिङ्ग वा क्षेत्रका नागरिकलाई तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा समेत कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ।

**४. आधारभूत स्वास्थ्य सेवा प्रदायक :** (१) गाउँपालिकाले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ ।

(क) आधारभूत स्वास्थ्य सेवा केन्द्र,

(ख) स्वास्थ्य चौकी,

(ग) गाउँपालिका स्तरीय आधारभूत अस्पताल,

(घ) रक्त सञ्चार केन्द्र,

(ङ) आयुर्वेदिक औषधालय,

(च). सार्वजनिक फार्मेसी वा अस्पताल फार्मेसी,

(छ) सामुदायिक अस्पताल,

(ज) सामुदायिक स्वास्थ्य प्रवर्द्धन केन्द्र जनता स्वास्थ्य केन्द्र,

(झ) गाउँघर क्लिनिक,

(ञ) क्षयरोग तथा कुष्ठरोग उपचार केन्द्र,

(ट) पोषण पुनर्स्थापना केन्द्र,

(ठ) खोप क्लिनिक,

(ड) एचआइभि संक्रमितहरुका लागि सामुदायिक हेरचाह केन्द्र,

(ढ) नसर्ने रोग न्यूनिकरणका लागि फिटनेस सेन्टर र योगकेन्द्र ।

(२) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार गाउँपालिकाले निजी, गैरसरकारी, सहकारी र सामुदायिक स्वास्थ्य संस्थासँग सहकार्य वा साझेदारि गर्न सक्नेछ ।

(३) गाउँपालिका भित्र सरकारले संचालन गरेका वा आधारभूत स्वास्थ्य सेवा दन भनि सम्झौता गरिएका स्वास्थ्य संस्थामा कुनै पनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा बन्देज गरिनेछ ।

**५. स्वास्थ्य शाखा :** (१) आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी गाउँपालिकाको अन्य गतिविधि संचालन गर्नुको लागि गाउँकार्यपालिका मातहत एक स्वास्थ्य शाखा हुनेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार इकाईहरु बनाउन सक्नेछ ।

## परिच्छेद - ३

## स्वास्थ्य संस्था स्थापना तथा संचालन

**६. स्वास्थ्य संस्था स्थापना र संचालन :**(१) गाउँपालिका क्षेत्र भित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि कार्यपालिकाले देहायका स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ ।

(क) आधारभूत स्वास्थ्य सेवा केन्द्र,

(ख) स्वास्थ्य चौकी,

(ग) गाउँपालिकास्तरीय आधारभूत अस्पताल,

(घ) रक्त सञ्चार केन्द्र,

(ङ) आयुर्वेदिक औषधालय,

(च) सार्वजनिक फार्मेसी वा अस्पताल फार्मेसी,

(छ) सामुदायिक अस्पताल,

(ज) सामुदायिक स्वास्थ्य प्रवर्द्धन केन्द्र जनता स्वास्थ्य केन्द्र,

(झ) गाउँघर क्लिनिक,

(ञ) क्षयरोग तथा कुष्ठरोग उपचार केन्द्र,

(ट) पोषण पुनर्स्थापना केन्द्र,

(ठ) एचआइभि संक्रमितहरुका लागि सामुदायिक हेरचाह केन्द्र,

(ड) नसर्ने रोग न्यूनिकरणका लागि फिटनेस सेन्टर र योगकेन्द्र,

(ण) तोकिए बमोजिमका अन्य स्वास्थ्य संस्था ।

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्यूनतम मापदण्ड संघीय सरकारले तोके बमोजिम हुनेछ ।

(३) गाउँपालिकामा स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरी कार्यपालिकाले स्वास्थ्य संस्थाहरु स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४) गाउँपालिका ले उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त कार्यापालिकाबाट जारी गरिएका मापदण्ड तथा अन्य शर्त समेत स्वास्थ्य संस्थाले पालना गर्नु पर्नेछ ।

(५) हरेक स्वास्थ्य संस्थाले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी तोकिए अनुसारका आवश्यक नि:शुल्क औषधिहरुको नियमित उपलब्धता सुनिश्चित गर्नुका साथै अन्य आवश्यक औषधिहरु सुपथ मूल्यमा उपलब्ध गराउनु पर्नेछ ।

(६) औषधि सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**७. स्वास्थ्य संस्था व्यवस्थापन :** (१) गाउँपालिकाको स्वामित्व रहेका स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्र / शहरी स्वास्थ्य केन्द्रको व्यवस्थापनको लागि गाउँपालिका अध्यक्ष संरक्षक हुने गरी देहाय बमोजिमको एक व्यवस्थापन समितिहुनेछ।

| | |
|---|---|
| क. गाउँपालिकाको अध्यक्ष | - संरक्षक |
| ख. सम्बन्धित वडाको वडाध्यक्ष | - अध्यक्ष |
| ग. स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाको समाजसेवी बुद्दिजिवीहरु मध्ये संरक्षकबाट मनोनित १ जना | - उपाध्यक्ष |
| घ. सम्बन्धित वडाको वडा सचिव | - सदस्य |
| ङ. सम्बन्धित वडाभित्र बसोवास गर्ने समाजसेवी ब्यबसायी, उधोगपती, लब्धप्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार ब्यक्तिहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको १ जना दलित महिला सहित २ जना | - सदस्य |
| च. स्वास्थ्य संस्था प्रमुख | - सदस्य सचिव |

(२) **बन्दीपुर गाउँपालिका अस्पताल संचालन तथा ब्यबस्थापन समितिको गठनः**

| | |
|---|---|
| क. गाउँपालिकाको अध्यक्ष | - अध्यक्ष |
| ख. गाउँपालिकाको उपाध्यक्ष | - उपाध्यक्ष |
| ग. अस्पताल रहेको वडाको वडाध्यक्ष | - सदस्य |
| घ. स्वास्थ्य तथा सरसफाई क्षेत्रमा एवम् समाजसेवा वा स्वास्थ्य क्षेत्रमा ख्याती प्राप्त व्यक्तिहरु मध्येबाट पालिका अध्यक्षले तोकेको १ जना महिला सहित २ जना | - सदस्य |
| ङ. स्वास्थ्य शाखा प्रमुख : | - सदस्य |
| च. स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये सम्बन्धित वडा समितिले मनोनित महिला १ जना | - सदस्य |
| छ. माध्यमिक विद्यालयको प्र.अ.हरुमध्ये गाउँकार्यपालिका अध्यक्षबाट मनोनित १ जना | - सदस्य |
| ज. महिला स्वास्थ्य स्वयम् सेविकाहरुमध्ये बाट गाउँपालिका अध्यक्षले तोकेको १ जना | - सदस्य |
| झ. अस्पताल क्षेत्र नजिकको प्रहरी चौकीका प्रमूख वा प्रतिनिधी १ जना | - सदस्य |
| ञ. अस्पताल प्रमुख/मेडिकल अधिकृत/मेडिकल सुपरिटेण्डेन्ट १ जना | - सदस्य सचिव |

(३) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएता पनि बन्दीपुर अस्पतालको संचालन तथा व्यवस्थापन **"बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन ऐन २०८२"** बमोजिम रहनेछ ।

**८. स्वास्थ्य संस्था संचालन अनुमति लिनु पर्ने :** (१) नेपाल सरकारले निर्धारण गरेको मापदण्डका साथै तोकिएको प्रक्रिया पुरा गरेको सुनिश्चितता गरी गाउँपालिका क्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थालाई कार्यपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछ।

(क) जनरल प्राथमिक अस्पताल

(ख) नर्सिङ होम

(ग) निदान केन्द्र

(घ) क्लिनिक

(ङ) औषधि पसल

(च) आयुर्वेदिक औषधालय र वैकल्पिक सेवा

(छ) पुनर्स्थापना केन्द्र

(ज) पोलिक्लिनिक

(झ) मेडिकल ल्याव र डायग्नोष्टिक सेवा

(ञ) सामुदायिक स्वास्थ्य हेरचाह केन्द्र

(ट) नसर्ने रोग न्यूनिकरणका लागि फिटनेस सेन्टर र योग केन्द्र

(२) इजाजत पत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनै पनि कार्य गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नविकरण गर्न दरखास्त दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइने दरखास्तको ढाँचा र तिर्नु पर्ने दस्तुर तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा शाखाले तोकिएको प्रकृयाका साथै नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड समेत पुरा भएको हुनु पर्नेछ।

(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनु पूर्व गाउँपालिकाको स्वास्थ्य संस्था अनुगमन समितिले आवेदन परेको पन्ध्र दिन भित्र आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरे नगरेको विस्तृत अध्ययन गर्नेछ र कार्यपालिकालाई एक महिना भित्रमा सिफारिश गर्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको मासिक र बार्षिक प्रतिवेदन (HMIS/DHIS2) गाउँपालिका समक्ष पेश गरी प्रत्येक आर्थिक वर्षमा दर्ता नविकरण वा नविकरण सिफारिश लिनुपर्नेछ साथै मासिक र बार्षिक प्रतिवेदन (HMIS/DHIS-2) नियमित रुपमा नबुझाएम नविकरण तथा सिफारीश गरीनेछैन।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नु पर्ने वा गाउँपालिका क्षेत्रबाट अन्यत्र सार्नु पर्ने भएमा गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ।

(९) यो ऐन जारी हुनु अघि गाउँपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरु ऐन जारी भएको मितिले तीन महिना भित्र कार्यपालिकामा अनुमति लिई दर्ता गराउनु पर्नेछ।

(१०) परम्परागत उपचार सेवा संचालन गर्ने निकाय वा व्यक्तिले तोकिएको मापदण्ड र प्रकृया अनुरुप सेवा संचालन स्वीकृत लिनु पर्नेछ।

(९) सुचिकृत हुनु पर्ने : (१) गाउँपालिका क्षेत्र भित्र प्रदेशिक वा संघीयतमा इजाजतपत्र लिई वा दर्ता भई संचालन हुने निजी स्तरका स्वास्थ्य संस्थाले स्थापना, संचालन र नविकरणको लागि कार्यपालिकाबाट सेवा संचालन पूर्व अनुमति दर्ता वा सूचिकृत र नविकरण सिफारिश लिनुपर्नेछ।

(२) यसरी अनुमति वा दर्ता सिफारिश लिने निजी स्वास्थ्य संस्थाले मापण्ड बमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा दश प्रतिसत शैयामा अनिवार्य रुपमा गाउँपालिकाले सिफारिश गरेका असहाय, गरिव तथा विपन्न नागरिकको नि: शुल्क शैया र संस्थाभित्र प्राप्त हुने ल्याव परिक्षण निःशुल्क गर्नुपर्नेछ।

## परिच्छेद - ४

## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर

**९. गुणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नु पर्ने:**-(१) गाउँपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गुणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ।

(२) गाउँपालिकाले क्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ।

**१०. अनुगमन गर्ने :** (१) कार्यपालिकाको अनुगमन समितिले दफा ८ र ९ बमोजिम संचालन अनुमतिलिई गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका प्रत्येक स्वास्थ्य संस्थाको चौमासिक अनुगमन, निरीक्षण तथा मुल्यांङ्कन चेक लिष्ट तयार गरी सोहि अनुसार गर्नेछ।

(२) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा कार्यपालिकाले अनुगमन समिति बनाई जुनसुकै बेला पनि नियमन, निरीक्षण र अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गर्दा गाउँपालिकाको प्रतिनिधिका साथै तोकिएको योग्यता भएको विज्ञ सम्मिलित अनुगमन सम्मिलित अनुगमन समिति मार्फत गर्नेछ। विज्ञ उपलब्ध गराउन सम्बिन्धीत विषयका प्रादेशिक तथा संघीय तहका निकाय तथा अन्य विशेषज्ञ संस्थासँग सहकार्य गर्न सक्नेछ।

(४) अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तिस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धीत स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिश गर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुगमन समितिले गरेको कारवाही सिफारिशमा आफ्नो राय समेत उल्लेख गरी अन्तिम निर्णयको लागि कार्यपालिकामा पेश गर्नेछ।

(६) निरीक्षण, अनुसन्धान तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा संस्था स्थापना र संचालनको स्वीकृति दिने निकायले आवश्यक निर्देशन दिन सक्नेछ र सो संस्थाले मापदण्डहरुको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा संस्था बन्द गर्नेसम्मको आदेश दिन सक्नेछ ।

(७) गाउँपालिका भित्र स्वास्थ्य क्षेत्रको अवस्था, प्रगति विवरण र स्वास्थ्य संस्थाको अनुगमन प्रतिवेदन समेत सम्मिलित बार्षिक प्रतिवेदन तयार गर्नेछ । यस्तो प्रतिवेदन प्रत्येक आर्थिक वर्ष अन्त्य भएको छ महिना भित्र कार्यपालिकाले गाउँसभामा पेश गरी छलफल गर्नेछ ।

**११. सेवा शुल्क निर्धारण र पुनरावलोकन :** (१) कार्यपालिकाले संघीय सरकारले तोकेको मापदण्ड अनुसार गाउँपालिका भित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सोको कार्यान्वयन भए/नभएको नियमित अनुगमन गर्नेछ ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकुल नहुने गरी आफ्नो सेवा शुल्क परिवर्तन गर्दा परिवर्तन गर्दा परिवर्तन गर्नु पर्ने आधार प्रष्ट खुलाई कार्यापालिकालाई पूर्व जानकारी गराउनेछ । यसरी निर्धारित शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नेछ

## परिच्छेद - ५

## सरसफाई, स्वास्थ्यजन्य फोहोर व्यवस्थापन तथा स्वास्थ्य वातावरण

**१२. सरसफाई तथा प्रदुषण रोकथाम :** (१) कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर कार्यपालिकाले तोकेको स्थान बाहेक अन्यत्र फ्याक्न पाइनेछैन । यसका लागि कार्यपालिकाले उपयुक्त प्रकृया र विधि निर्धारण गर्नेछ ।

(२) गाउँपालिका क्षेत्रध भित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु गाउँपालिका क्षेत्रका सबै बासिन्दा तथा संस्था रनिकायको जिम्मेवारी हुनेछ ।

(३) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि संघीय मापदण्ड अनसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(४) जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा कार्यपालिकाले प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

(५) कार्यपालिकाले सामुदायिक सरसफाइ सम्बन्धी कार्यबिधि र निर्देशिका बनाई लागू गर्नेछ ।

(६) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(७) जाँच परीक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पारेको भेटिएमा सम्बिन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिश गर्नेछ ।

**१३. स्वास्थ्यजन्य फोहोर व्यवस्थापन :** (१) स्वास्थ्य सम्बन्धी फोहोर मैलाको छुट्टा छुट्टै संकलन, पुन: उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागू गर्नेछ।

(२) कार्यपालिकाले स्वास्थ्य क्षेत्रबाट निष्काशित फोहोर मैला व्यवस्थापनमा निजी तथा गैर सरकारी क्षेत्रसँग समेत सहकार्य र साझेदारी तोकीए बमोजिम हुनेछ।

## परिच्छेद - ६

## जनस्वास्थ्य निरीक्षण र प्रवर्द्धन

**१४. जन स्वास्थ्य निरीक्षण :** (१) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने गितिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरुको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले संघ तथा प्रदेशसँगको समन्वयमा आवश्यक मात्रामा जनस्वास्थ्य निरीक्षकहरु परीचालन गर्न सक्नेछ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐनको दफा १३ र १४ को उल्लङ्घन गरी जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिश गर्नेछ।

**१५. खाद्य तथा पानीको गुणस्तर :** (१) कार्यपालिकाले संघीय र प्रादेशिक मापदण्डको आधारमा गाउँपालिका क्षेत्रभित्र विक्रि तथा वितरण हुने खानेपानी तथा खाद्य सामाग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपुर्तिकर्ताको मापदण्ड बनाई लागू गर्नेछ।

(२) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामाग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामाग्रीका विक्रेता तथा आपूर्तिकर्तालाई संचालन अनुमति दिनेछ।

(३) कार्यपालिकाले नियमित रुपमा मापदण्ड पालना भए नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ।

(४) कार्यपालिकाले योजना बनाई गाउँपालिका क्षेत्र भित्र अस्वस्थ कर खाद्य पदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्नेछ।

(५) कार्यपालिकाले गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र खानेपानीको गुणस्तर सुनिश्चत गर्न खानेपानीका स्रोतको उचित संरक्षण र अनुगमन गर्नेछ।

(६) कार्यपालिकाले खाद्य सामाग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधि वा मानव स्वास्थ्यको प्रतिकुल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ।

(७) खाद्यन्न, मासु र पानी लगायतका उपभोग्य बस्तु उत्पादन, भण्डारण तथा विक्रि वितरणका क्रममा तोकिए बमोजिमको न्यूनतम मापदण्ड अनिवार्य पालना गर्नु पर्नेछ। यसरी तोकीएका मापदण्डहरु गल्ली, ठेला वा अन्य स्थान तथा साधनहरु प्रयोग गरी बिक्रि वितरण गर्ने निकायहरुलाई समेत लागू हुनेछ।

(८) यस दफामा उल्लेखित संस्थाहरुले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धीत जनस्वास्थ्य अधिकारीसँग हुनेछ। यसरी जाँच परिक्षण गर्दा निरीक्षकले संघीय तथा प्रदेश सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनु पर्नेछ।

(९) जाँच परिक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ट प्रमाण भेटिएमा सम्बन्धीत जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको संचालन अनुमति तोकेको समयका लागि कारवाहीका लागि सिफारिश गर्न सक्नेछ।

**१६. अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :** (१) कार्यपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाईनियम नगर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधारमानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको विक्रि तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणका लागि कार्यपालिकाबाट छुट्टै इजाजतपत्र लिनुपर्नेछ।

(३) खाद्य पदार्थ विक्रि गर्ने पसल मासु तथा मदिराजन्य पदार्थ विक्रि विरतण गर्न बन्देज लगाउनेछ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण र प्रयोगमा नियन्त्रण एवं न्यूनिकरण गर्न कार्यपालिकाले निषेधित र विक्रि वितरणका लागि खुला क्षेत्र तोक्न सक्नेछ।

(५) गाउँपालिका क्षेत्र भित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामाग्रीको विज्ञापन गर्न पाइनेछैन।

(६) अठार बर्ष मुनिका बालबालिका, गर्भवती र सुत्केरी महिलालाई सुर्तीजन्य पदार्थ विक्रि वितरण गर्न पाईनेछैन।

(७) बिद्यालय लगायतका स्थानमा जंकफुडको बिक्रि वितरण, प्रचार र उपभोग निषेधित गरिनेछ। निषेधित क्षेत्रमा जंकफुडको बिक्री वितरण, प्रचार गरेको पाइएमा सम्बन्धीत बिद्यालय तथा त्यस्तो जंकफुडको बिक्रि, वितरण वा प्रचार गर्ने व्यक्ति वा संस्था व दुवैलाई तोकिए बमोजिम कारवाही हुनेछ।

(८) विद्यालय, स्वास्थ्य क्षेत्र तथा सार्वजनिक क्षेत्रको एक सय मिटर वरपर मदिरा तथा सुर्तीजन्य पदार्थ विकि वितरण गर्न पाईने छैन।

(९) होटल, रेष्टुराँ, खुद्रा मदिरा पसल लगायत तोकेएका स्थानमा साँझको पाँच बजे अघि र रातको नौ बजे पछि मदिराजन्य पदार्थ खुद्रा विक्रि वितरण तथा सेवन गर्न पाइनेछैन।

(१०) मदिरा तथा सुर्तिजन्य पदार्थ र अन्य सामाग्रीको विक्रि वितरण एकै स्थानमा गर्न पाइने छैन।

## परिच्छेद ७

## स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन

**१७. स्वास्थ्य पूर्वाधार र मापदण्ड :** (१) कार्यपालिकाले आफनो क्षेत्राधिकार भित्रकास्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र सम्बर्धन गर्नेछ ।

(२) पूर्वाधार मापदण्डको आधारमा स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गर्नेछ ।

(३) कार्यापालिकाले गाउँपालिकाको स्वामित्व रहेका स्वास्थ्य संस्थाको बर्गीकरण तथा पूर्वाधार मापदण्ड अनुसार न्यूनतम औजार उपकरणहरुको उपलब्धता सुनिश्चित गर्ने छ ।

**१८. जनशक्तिको व्यवस्थापन :** (१) गाउँपालिका भित्रका स्वास्थ्य संस्था मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ ।

(क) स्थायी

(ख) करार

(ग) अभ्यासकर्ता

(घ) अनुसन्धानक

(ङ) स्वयं सेवक र स्वयंसेविका

(२) कार्यपालिकाले स्वीकृत संरचना अनुरुपको आवश्यक जनशक्ति स्थायी र करार कर्मचारीबाट पदपूर्ति गर्नेछ ।

(३) कार्यपालिकाले जनशक्तिको क्षमता अभिबृध्दिको लागि प्रादेशिक वा संघीय तहका सम्बन्धीत निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(४) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्यकर्मीहरुको लागि कार्य मैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ ।

(५) जनशक्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ ।

(६) कार्य सम्पादन करार गर्नु पर्ने स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले कार्यविधि बनाई कर्मचारीहरुसँग छुट्टा छुट्टै कार्य सम्पादन करार गर्न सक्नेछ ।

## परिच्छेद - ८

## विपद व्यवस्थापन र जनस्वास्थ्य निगरानी

**१९. विपद् व्यवस्थापन संयन्त्र :** (१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपद्हरुको पूर्वतयारी, जाँच पड्ताल, व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ ।

(२) सम्भावित महामारीको जोखिम पहिचान गरी तीनको रोकथामको लागि अन्य संस्था तथा निकायसँगको सहकार्यमा योजना बनाई कार्यान्वयन गर्नेछ ।

(३) गाउँपालिकाले महामारी र विपद्बाट थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ। जनस्वास्थ्य आपतकाल महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा प्रमुखले प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी स्थानीय जनस्वास्थ्य अधिकारीको सिफारिशमा आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो ? सो र कुन कुन क्षेत्रमा सो लागू हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(५) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धित सबैका लागि सार्वजनिक माध्यबाट प्रचार प्रसार गर्नु पर्नेछ।

(६) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरुमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ।

(७) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जनस्वास्थ्य अधिकारीको सिफारिशमा प्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरुको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

## परिच्छेद -९

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण, नियमन

**२०. औषधी खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्थापन :** (१) गाउँपालिकाले निःशुल्क वितरण गर्ने वा फार्मेसी मार्फत विक्रि गर्ने, औषधीको सूची निर्धारण गरी औषधी तथा स्वास्थ्यजन्य उपकरणको खरिद, भण्डारण र वितरणको लागि कार्यपालिकाले बार्षिक खरिद योजना बनाउनेछ।

(२) उपदफा (१) बमोजिमको औषधि खरिद गर्दा सार्वजनिक खरिद ऐन र औषधि सम्बन्धि प्रचलित ऐन कानून बमोजिम हुनेछ।

(३) गाउँपालिका मातहतका स्वास्थ्य संस्थामा औषधि खरिद, आपूर्ति, भण्डारण तथा बिक्रि गरिने औषधिको हकमा मूल्य निर्धारणको लागि निर्देशिका बनाई कार्यान्वयन गर्नेछ।

**२१. नि: शुल्क औषधि :** (१) गाउँपालिकाले निःशुल्क औषधि गाउँभित्रका सार्वजनिक स्वास्थ्य संस्था मार्फत मापदण्ड बनाई वितरण गर्नेछ।

(२) नियम (१) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहका प्रचलित कानून समेतलाई आधार मानी गाउँपालिका क्षेत्र भित्र औषधिको बिक्रि, वितरण तथा प्रयोगको नियमन गर्नेछ।

## परिच्छेद - १०

## साझेदारी र सहकार्य

**२२. साझेदारी र सहकार्य गर्न सक्ने :** (१) कार्यपालिकाले आधारभुत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न तथा यस ऐनको कार्यान्वयन गर्न प्रचलित कानूनको अधिनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहमा कार्यरत निजी, सरकारी तथा गैर सरकारी संस्था तथा निकायसँग सहकार्य गर्न सक्नेछ।

(२) सेवा प्रवाहको सुलभता वा खर्च न्यूनीकरणको लागि कार्यपालिकाले अन्य स्थानीय सरकारसँग सहकार्य गरी आफ्नै क्षेत्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्था मार्फत सेवा प्रवाह गराउन सकिनेछ।

(३) उपदफा (२) बमोजिमको सहकार्य गर्न कार्यपालिकाले अन्य गाउँपालिकासँग लक्षित जनसंख्याको अनुपातको आधारमा वा सेवाग्राही संख्याको अनुपातको आधारमा खर्च बाँडफाँड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ।

(४) सेवा खरिद सम्झौता गर्न सक्ने गाउँपालिका क्षेत्रका बासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि कार्यपालिकाले गाउँपालिका क्षेत्र भित्र संचालित वा गाउँपालिका आसपासमा पायक पर्ने स्थानमा संचालित निजी, गैर सरकारी, सामुदायिक, सरकारी वा सहकारी संस्थाले संचालन गरेका स्वास्थ्य संस्थासँग सेवा खरिद सम्झौता गर्न सक्नेछ।

**२३. बिद्यालय स्वास्थ्य सेवा :** (१) गाउँपालिकाले शैक्षिक निकाय तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न विद्यालय नर्सको व्यवस्था गर्नेछ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धि व्यवस्थाको प्रकृति र मापदण्डहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**२४. घुम्ती शिविर सम्बन्धि व्यवस्था :** (१) स्वास्थ्य सम्बन्धि घुम्ति शिविर वा सेवाहरु सञ्चालन गर्न स्वास्थ्य शाखाबाट पूर्व अनुमति लिनु पर्नेछ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पूरा गर्नु पर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद - ११

## स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य प्रविधि, तथ्यांक र अभिलेख

**२५. तथ्यांक संकलन र अभिलेखिकरण:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धी तथ्यांक र अभिलेख संकलन गरी नियमितरुपमा अद्यावधिक गर्ने पध्दति विकास गर्नेछ।

(२) गाउँपालिका क्षेत्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवा सम्बन्धी तथ्यांक र अभिलेख गाउँ एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनु पर्नेछ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राख्नु पर्नेछ।

(४) गाउँपालिकामा इजाजतपत्र प्राप्त स्वास्थ्य संस्था वा अनुमति प्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसँग सम्बन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा गाउँपालिकाको दायित्व हुनेछ।

(५)गाउँपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धि सूचकहरु नियमितरुपले अध्यावधिक गरी सार्वजनिक गर्नेछ।

(६) कार्यपालिकाले स्वास्थ्य सम्बन्धि सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनेछ।

(७) शाखाले आवधिक रुपमा गाउँ स्वास्थ्य सर्वेक्षण गर्नेछ।

(८) आपतकालिन जनस्वास्थ्य समस्याको सूचना तुरुन्त उपलब्ध गराउनु पर्नेछ।

**२६. जानकारी पाउने हक :** विरामीलाई आफ्नो उपचार सम्बन्धि सम्पुर्ण जानकारी पाउने हक हुनेछ। सो जानकारी उपलब्ध गराउनु स्वास्थ्य सेवा प्रदायकको कर्तव्य हुनेछ।

## परिच्छेद - १२

## आकस्मिक स्वास्थ्य सेवा

**२७. आकस्मिक सेवाबाट बन्देज नगरिने :** (१) गाँउपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनै पनि व्यक्तिलाई जीवन रक्षा गरि स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एवं स्वास्थ्यकर्मीको कर्तव्य र दायित्व हुनेछ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ।

(४) उपदफा (१) को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि गाँउपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ।

**२८. एम्बुलेन्स सेवा :** (१) गाँउपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासँगको सहकार्यमा एम्बुलेन्स सेवा संचालन गर्नेछ।

(२) शाखाले गाँउपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरु नेपाल सरकार र स्थानीय तहले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन तथा नियमन गर्नेछ।

(३) गाँउपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरु संचालकले शाखामा दर्ता तथा बार्षिक नविकरण गराउनु पर्नेछ साथै दररेट गाँउपालिकाले तोके बमोजिम हुनेछ।

(४) गाँउपालिकाले अन्य स्थानीय सरोकारवालाहरुसँगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम दर्ता तथा नवीकरण नभएका एम्बुलेन्स कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ।

## परिच्छेद - १३

## प्रेषण तथा उपचार प्रणाली

**२९. प्रेषण तथा उपचार प्रणाली :** (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकुल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(३) कार्यपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखि विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ।

(४) विपन्न नागरिक उपचार सहयोग संघ, प्रदेश र स्थानीयतहले तोके बमोजिम हुनेछ।

## परिच्छेद - १४

## कसुर र दण्ड सजाँय

**३०. कसुर गरेको मानिने :** (१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसुर गरेको मानिने छ :

(क) दफा ८ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वास्थ्य संस्थाले आधारभुत स्वास्थ्यसेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) यस ऐनको दफा ३९ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) सेवाग्राहीको गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सुचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई जानी जानी गलत सुचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा, यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्याविधि बमोजिम जारि भएको सुचना पालना नगरेमा,

(ञ) दफा १५ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकुल प्रभाव पारेमा दफा १६ विपरित कसैले विज्ञापन गरेको पाइएमा,

(ट) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै

कार्य गरेमा,

(ठ) स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली (HMIS / DHIS- 2) प्रतिवेदन मासिक र वार्षिक रुपमा नगरेमा,

(ड) स्वास्थ्य उपचार उपलब्ध गराउने क्रममा सेवा प्रदायक र सेवा प्रदायक संस्थामा कानुन विपरितका कार्यहरु हातपात, दुव्यवहार, तोडफोड गरेमा,

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ट), (ठ) र (ड) बमोजिमको कसुर गरेमा दश हजार देखि पचास हजार सम्म जरिवाना हुनेछ।

(४) उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसुर गरेमा विज्ञापन प्रशारण गर्नेलाई दश हजार रुपैयाँ जरिवाना हुनेछ।

(५) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धि मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार कार्यपालिकालाई हुनेछ।

**३१. पुनरावेदन :** यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धि मुद्दामा कार्यपालिकाले गरेको निर्णय उपर पैतिस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

**३२.बन्दीपुर जनस्वास्थ्य बोर्डको गठन :** (१) गाउँपालिकाले जनस्वास्थ्यसँग सरोकार निकायका उच्च "अधिकारीहरु तथा विज्ञहरुको संलग्नता हुने गरी निम्न बमोजिमको जनस्वास्थ्य परिषद वा बोर्ड स्थापना गर्नेछ।

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | - अध्यक्ष |
| (ख) उपाध्यक्ष | - उपाध्यक्ष. |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) सामाजिक विकास समिति संयोजक | - सदस्य |
| (ङ) कार्यपालिका सदस्य मध्ये एक जना महिला | - सदस्य |
| (च) कानून शाखा प्रमुख वा कानूनी सल्लाहकार | - सदस्य |
| (छ) गाउँपालिकास्तरीय अस्पतालको मेडिकल सुपरीटेण्डेण्ट | - सदस्य |
| (ज) गाउँपालिकाका शिक्षा शाखा प्रमुख | - सदस्य |
| (झ) सहकारी, सामुदायिक र निजी स्वास्थ्य संस्थाका सञ्चालक मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना | -सदस्य |
| (ञ) स्वास्थ्य क्षेत्रका विज्ञहरु मध्येबाट अध्यक्षले मनोनित गरेको कम्तिमा एक जना महिला सहित ३ जना | - सदस्य |
| (झ) स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिका अध्यक्षद्वारा मनोनित सदस्यहरुको पदावधि ३ बर्ष हुनेछ।

(३) आवश्यकता अनुसार बैठकमा अन्य विज्ञहरुलाई बोलाउन सकिनेछ।

**३३. बन्दीपुर जनस्वास्थ्य बोर्डको काम, कर्तव्य र अधिकार :** (१) दफा ३१ अनुसार गठित जनस्वास्थ्य बोर्डको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

(क) गाउँपालिका स्वास्थ्य सेवा सम्बन्धी नीति तथा योजना तर्जुमा गर्न सिफारिश गर्ने।

(ख) स्वास्थ्य सम्बन्धी बहुवर्षिय नीति योजना तथा कार्यक्रम पुनरावलोकन गरी आवश्यक मार्ग निर्देशन गर्ने

(ग) स्वास्थ्य सेवाको बिभिन्न विषयमा प्राथमिकता निर्धारण गरी कार्यान्वियन गर्न सुझाव दिने।

(घ) गुणस्तरीय तथा जनमुखी स्वास्थ्य सेवाका लागि स्वास्थ्य सेवा प्रणालीमा सुधार ल्याउन आवश्यका समन्वय तथा सुझाव दिने।

(ङ) स्वास्थ्यसँग सम्बन्धित अन्य कुनै आवश्यक विषयमा सुझाव प्रस्तुत गर्न आवश्यकता अनुसार मापदण्ड निर्देशिका तथा कार्यविधि तर्जुमा गर्न परामर्श दिने।

(च) आवश्यकता अनुसार उपसमिति गठन गरी स्वास्थ्य सम्बन्धी काम कारवाही गर्ने गराउने।

(छ) गाउँपालिकाका सबै नीतिहरुमा स्वास्थ्य नीति अवलम्बन गर्न पैरवी गर्ने।

(ज) स्वास्थ्य सम्बन्धी राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीयस्तरमा लागू गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन, समन्वय तथा अनुगमन गर्ने तथा रोगहरुको रोकथाम, प्रबर्धात्मक कार्य 'लगायत जनस्वास्थ्यको सुधार सम्बन्धी कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकारसँग आवश्य सहयोग तथा परामर्श लिने।

## परिच्छेद १६

## बिविध

**३४. समन्वय गर्ने :** (१) राष्ट्रिय तथा प्रादेशिक अभियानमा स्थानीय सरकारले समन्वय र सहयोग पु-याउनेछ। नियम बनाउन सक्ने यस ऐनको कार्यान्वयनको लागि कार्यापालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ।

**३५. स्वास्थ्य कार्यक्रम संचालन गर्ने :** कार्यपालिकाले लक्ष्य निर्धारण गरी योजना निर्माण, मुल्यांकन तथा समिक्षाको कार्यतालिका बनाई आवश्यकता अनुसार स्वास्थ्य र जनस्वास्थ्य र जनस्वास्थ्य सम्बन्धी प्रबर्द्धनात्मक,प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरु संचालन गर्न सक्नेछ। ३७ आमा तथा शिशु सुरक्षा कार्यक्रम संचालन गर्ने : (१) कार्यपालिकाले गर्भवति महिला, आमा र शिशुको लागि पोषण तथा स्वास्थ्य सुरक्षा कार्यक्रमको संचालन र प्रवर्द्धन गर्नेछ।

(२) कार्यपालिकाले योजना बनाई स्तनपान प्रवर्द्धनका कार्यक्रम संचालन गर्नेछ।

(३) कार्यपालिकाले योजना बनाई गाउँपालिका क्षेत्र भित्र कुपोषणको पहिचान, न्यूनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बाल बालिकाको पुनर्स्थापनाको कार्यक्रम संचालन गर्नेछ।

**३६. सामाजिक सुरक्षा र स्वास्थ्य बिमा :** (१) गाउँपालिका क्षेत्रका सबै बासिन्दालाई स्वास्थ्य वीमा ऐनले तोके

बमोजिम अनिवार्य स्वास्थ्य बिमामा आवध्द गराउनु कार्यपालिकाको दायित्व हुनेछ ।

(२) कार्यपालिकाले आर्थिक रुपले विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य बिमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरुसँग समन्वय गर्नेछ ।

(३) कार्यपालिकाले आर्थिक रुपले विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य बिमा गराउन अन्य सामाजिका सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरुसँग समन्वय गर्नेछ ।

(४) महिला, बालबालिका, किशोर किशोरी, दलित, अपांगता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, आर्थिक सामाजिक र शैक्षिक रुपमा विपन्न वर्ग र अन्य लक्षित समुहका लागि कार्यविधि बनाई कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(५) कार्यपालिकाले विशेष संरक्षणको आवश्यकता भएका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका, अशक्त र अन्य लक्षित समुहहरुका लागि प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ।

**३७. अधिकार प्रयोग गर्न सक्ने**: (१) यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरु कार्यपालिकाले प्रयोग गर्न सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि कार्यापालिकाले आवश्यक नियमावली, मापदण्ड र निर्देशिका बनाउन

**३८. सेवाग्राहीको कर्तव्य :** (१) प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(२) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु गाउँपालिका भित्रका प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई कसैले पनि बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गर्न पाईनेछैन। त्यस्ता व्यक्तिहरुको बारेमा कार्यपालिकालाई सूचना दिने, स्वास्थ्य संस्थामा लैजाने, उपचार गर्ने गराउने, उपचार खर्च दिने र स्वस्थ रहन तथा उपचार गर्ने कार्यमा सहयोग तथा सहजिकरण गर्नु प्रत्येक संरक्षकको दायित्व हुनेछ ।

**३९. सेवाप्रदायक र स्वास्थ्यकर्मीको दायित्व :** (१) नागरिकलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सवै सेवाग्राही प्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिनु सबै स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्द प्राथमिकिकरण गर्न सक्नेछ ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्य मैत्री वातावरणको हक हुनेछ ।

**४०. स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने :** स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा

नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईनेछैन ।

**४१. गुनासो व्यवस्थापन :** कार्यपालिकाले स्वास्थ्य सेवा, सरसफाई र जनस्वास्थ्यसँग सम्बन्धीत गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिश गर्न एक अधिकारी तोक्नेछ ।

**४२. क्षतिपूर्ति दिनु पर्ने :** गाउँपालिका भित्र कुनै व्यक्ति वा संस्थाको गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्षरुपमा प्रतिकूल असर गरेमा वा समयमा सेवा नदिएमा निजलाई न्यायिक समितिले क्षतिपूर्ति दिलाउन सक्नेछ ।

**४३. खारेजी र बचाउ :** यस ऐन लागू हुनु पूर्व बन्दीपुर गाउँपालिकाद्धारा जारी भएका स्वास्थ्य सम्बन्धित ऐन, कार्यविधी, निर्देशिका तथा नियमावलिहरु यसै ऐन अन्तर्गत संचालित क्रियाकलाप भए गरेको मानिनेछ ।